# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल


प.स. ०७७/७८

च.नं.

## उद्यम विकास सहजकर्ता करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०७७।०८।०९

यस कार्यालयको मिति २०७७।०७।०८ को निर्णय अनुसार गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५ बमोजिम उद्यम विकास सहजकर्ताको छनौट गर्नुपर्ने भएकाले तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

| क.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/०७७-०७८ | उद्यम विकास सहजकर्ता | चौथो | २ (दुई) |

**१.आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उर्त्तीण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसलसी)उत्तीर्ण गरेको ।

**२ आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:** आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका प्रमाणपत्रहरुको प्रतिलिपीहरु :

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणत्रको प्रतिलिपी ।

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।

घ) अनुभव खुल्ने कागजात ।

ङ) ३ प्रति पासपोर्ट साईजको फोटो ।

**३. उमेर:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

४. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

५. अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ ।

**६. छनोटको किसिम:** अन्तर्वाता

**७. सेवा सुविधा:** गाउँपालिकाले तोकेबमोजिम

**८. दरखास्त दिने अन्तिम मिति:** २०७७।०८।२३ गते कार्यालय समय भित्र

**९. सम्पर्क मिति:** २०७७।०८।२४ सोहि दिन अन्तवार्ताको मिति तय हुनेछ ।

**१०. दरखास्त दस्तुर:** रु ५००

११. थप जानकारीको लागि यस गाउँपालिकाको कार्यालयको मो नं ९८५७०६७९०८ मा सम्पर्क गर्न सकिनेछ ।

१२. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ र यस गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७५ अनुसार प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको अर्न्तवार्ता तथा सुचीकरण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**दामोदर भण्डारी**

प्रमुख प्रशासकीय अधिकृत


फोन नं. - ९८५७०६७९०८ । ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np